२२औं वोर्ड बैठक मिति २०७३/०१/१४ गते वेलुका ५ :०० वजे

आज मिति २०७३/०१/१४ गते सोमवारका दिन धरान उपमहा नगरपालिका कार्य संचालन समितिको वैठक बसी तपसिलका निर्णयहरु गरियो ।

उपस्थिति

श्री टीकादत्त राई - कार्यकारी अधिकृत एवं प्रमुख - धरान उप-महानगरपालिका कार्यालय

आमन्त्रित उपस्थिति रेकर्ड

श्री गणेशप्रसाद खतिवडा वरिष्ठ प्रशासकिय अधिकृत
श्री खगेन्द्रप्रसाद खतिवडा वरिष्ठ कर अधिकृत
श्री सूरज श्रेष्ठ वरिष्ठ इन्जिनियर
श्री रमेश शाह वरिष्ठ आन्तरिक लेखा परिक्षण अधिकृत
श्री भेषराज अधिकारी वरिष्ठ लेखा अधिकृत
श्री राजु पोखरेल इन्जिनियर
श्री सूनील नेपाल सामाजिक विकास अधिकृत

निर्णयहरु

निर्णय नं १ ( एक )

उप समिति गठन सम्वन्धमा : स्थानीय स्वायत्त शासन नियमावली,२०५६ को एकिकृत सम्पती कर प्रयोजनकालागि जग्गा तथा संरचनाको पुनर्मुल्याङकन गर्ने सम्वन्धि साविकमा ५(पाँच )वर्ष अवधि भएकोमा स्थानीय स्वायत्त शासन नियमावली,२०५६को सातौं संशोधनले सो प्रयोजनकालागि जग्गा तथा संरचनाको लागि पुन मुल्र्याङकन अवधि३(तीन )वर्षको ब्यबस्था अनुसार आ.व. २०७३/०७४ श्रावण देखि लागू हुने गरी जगा तथा संरचनाको पुनर्मुल्याङकन गर्ने मिति २०७३/०१/०८ गते बसेको सर्वदलिय बैठकवाट सैद्धान्तिक सहमति भए अनुसार आ व २०७३/०७४ श्रावण देखि शंशोधित एकिकृत सम्पति करको दर लागू गर्ने गरी जग्गा तथा संरचनाको पुनर्मुल्याङकन गर्ने कारवाहि अगाडी बढाउन र सो कार्यलाई सहयोग गर्न नियमानुसार एकिकृत सम्पति कर प्रयोजनकालागि जग्गा तथा संरचना पुनर्मुल्याङकन सहयोग उप समिति तपसिल अनुसार गठन गर्ने निर्णय गरियो ।

संयोजक : वरिष्ठ कर अधिकृत श्री खगेन्द्रप्रसाद खतिवडा
सदस्य : वरिष्ठ ईन्जिनियर श्री सूरज श्रेष्ठ
सदस्य : वरिष्ठ लेखा अधिकृत श्री भेषराज अधिकारी
सदस्य : कानुन सहायक श्री रामकुमार राई
सदस्य : कर निरिक्षक श्री शारदा भट्टराई

**निर्णय नं २ ( दूई)**

**ठेक्का प्रक्रिया सम्वन्धमा :**

यस कार्यालयले संकलन गर्ने तपसिल बमोजिमको आन्तरीक आयका सम्बन्धमा मिति २०७३/१/१३ मा बसेको यस उमनपा को नगरस्तरीय राजस्व परामर्श समितिको बैठकले गरेको सिफारीश बमोजिम स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १६७ बमोजिम तपसिल बमोजिमका आन्तरिक आयहरु ठेक्का बन्दोबस्त गरी असुली प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**तपसिल**

| ठे.नं. | नाम | न्यूनतम् कबोल अंक | ठेक्का अवधि | वार्षिक वृद्धि | बोलपत्र खरिद म्याद |
|---|---|---|---|---|---|
| रा.-१ | विज्ञापन कर | २०,००,०००/- बीस लाख रुपैंया मात्र । | ३ वर्ष | १०% | ३० दिन |
| रा.-२ | पटके सवारी कर | १०,५०,०००/- रु. दश लाख पचास हजार मात्र | १ वर्ष | - | ३० दिन |
| रा.-३ | सवारी पार्किङ शुल्क | १०,००,०००/- रु. दशलाख मात्र । | १ वर्ष | - | ३० दिन |
| रा.-४ | पटके व्यवसाय (हाटबजार तथा गुद्रि कर ) | ५,००,०००/- रु. पाँच लाख मात्र । | १ वर्ष | - | १५ दिन |
| रा.-५ | मवेशी शुल्क (कृषि उपज बजार) | १,१७,५००/- रु. एकलाख सत्रहजार पाँच सयमात्र । | ३ वर्ष | - | सोझै कृषि उपज बजार सञ्चालक समिति धरान |

**निर्णय नं ३ ( तीन)**

**फरफारक तथा अन्तिम किस्ता रकम माग गर्ने सम्वन्धमा |**

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय जगेडा कोष, नगरपालिका तथा उपभोक्ताको लागत सहभागितामा यस चालु आ.व.२०७२|०७३ मा सन्चालित योजनाहरु मध्ये तपसिलका योजनाहरु सम्पन्न भई जाँचपास तथा फरफारक समेत भइसकेकोले अन्तिम किस्ता रकम माग गर्ने निर्णय गरियो |

१) धरान १६, भुमीपथ सडक निर्माणको अन्तिम किस्ता रकम — रु ८,८५,०००|-
२) धरान१६, प्रतिक्षामार्ग ढल निर्माणको अन्तिम किस्ता रकम — रु १०,०८,०००|-
३) धरान १५, लाजेसा रामलक्ष्मण एजिङवाल र WBM को अन्तिम किस्ता रकम — रु १०,६२,०००|-
४) धरान १५, चेम्जोङ पथ ढल निर्माणको अन्तिम किस्ता रकम — रु १०,६२,०००|-

रु ४०,१७,०००|-

अक्षेरेपी रु चालिस लाख सत्र हजार मात्र |

आजको वोर्ड वैठक वेलुका ७ :३०वजे समापन गरियो ।

माईन्युटकर्ता : भक्तिराज शर्मा,सुचना अधिकृत,धरान उपमहा नगरपालिका